फोन नं.: ४६७१७१६
४६७१७१७

# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

प.सं.:- शिक्षा ०७८/७९
च.नं.:- च.नं. ९२९

मिति २०७९/०३/३०.

विषय: छात्रवृत्ति वितरण सम्बन्धमा ।

श्री सवै संस्थागत विद्यालयहरु
नागार्जुन नगरपालिका, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगत अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सबै संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७९ मा प्रचलित शिक्षा ऐन २०२८(संशोधन सहित) को दफा १६ (ञ) को उपदफा (१)मा "संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपांग, महिला, दलित वा जनजाती विद्यार्थीलाई नि:शुल्क **छात्रवृत्ति** उपलव्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था गरिएको, त्यसैगरी शिक्षा नियमावली (संशोधन सहित) २०५९ को नियम १५१ को उपनियम (१) मा "विद्यालयमा प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमश: १०० प्रतिशत र ५० प्रतिशतमा शुल्क मिनाह गरी जेहेन्दार छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ र सोही नियमको उपनियम (२) मा संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघटाई गरीव, अपांग, महिला, दलित र जनजाती विद्यार्थीलाई छात्रवृत्ति उपलव्ध गराउनु पर्ने छ" भन्ने व्यवस्था भएको, त्यसै गरी संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ (संशोधन सहित) को परिच्छेद ६ अनुसार १० प्रतिशत छात्रवृत्ति मध्ये यस नगरपालिकाको सिफारिसमा ३.४ प्रतिशतलाई छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्था भए अनुसार संस्थागत विद्यालयहरुले छात्रवृति उपलव्ध गराई सोको जानकारी नगरपालिकामा गराउनु पर्नेमा विद्यालयहरुले छात्रवृति प्रदान नगरेको भनि अभिभावकहरुबाट गुनासो प्राप्त भएको हुँदा उपरोक्त अनुसारको छात्रवृति विद्यालय व्यवस्थापन समितिबाट अनिवार्य रुपमा निर्णय गराई नागार्जुन नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन नगर प्रमुखज्यू को आदेशानुसार अनुरोध छ ।

कृष्ण बहादुर कुँवर
उपसचिव

बोधार्थ :
श्री नगर प्रमुखज्यूको सचिवालय
नागार्जुन नगरपालिका,हरिसिद्धि, सितापाइला, काठमाडौ ।
श्री नगर उपप्रमुखज्यूको सचिवालय
नागार्जुन नगरपालिका,हरिसिद्धि, सितापाइला, काठमाडौ ।
श्री सबै वडा कार्यालयहरु ।
नागार्जुन नगरपालिका, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा,
नागार्जुन नगर कार्यपालिकाको कार्यालय : कार्यालयको वेभसाइट र फेसबुक पेजमा प्रविष्ट गरीदिनु हुन ।